# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

नगर कार्यपालिका कास्की
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
च.नं. : ६११०

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np


मितिः२०८२/१२/२३

श्री वडा अध्यक्षज्यूहरु,
वडा नं १ देखि ३३ (सबै)
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै),
पोखरा महानगरपालिका ।

**विषयः उपस्थिति सम्बन्धमा ।**

प्रस्तुत विषयमा पोखरा महानगरपालिकाका श्रीमान् नगर प्रमुखज्यूको निर्देशन अनुसार महानगर नगर कार्यपालिकाको ६४औं बैठक तपशिलको मिति, समय र स्थानमा बस्ने भएकोले यहाँको उपस्थितिका लागि निर्देशानुसार अनुरोध छ । साथै कार्यपालिका बैठकका कार्यसूची (एजेण्डा) वडाको ईमेलमा उपलब्ध गराइने व्यहोरा समेत अनुरोध छ ।

**तपशिलः**

मितिः २०८२ चैत्र २५ गते (बुधबार)
समयः दिनको १:०० बजे
स्थानः पोखरा महानगरपालिका वडा नं. १२ को कार्यालय भवनको सभाहल ।

मुक्तिराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थः**

श्रीमान् नगर प्रमुखज्यू, पोखरा महानगरपालिका ।
श्रीमान् नगर उप-प्रमुखज्यू, पोखरा महानगरपालिका ।

# ६४औँ कार्यपालिका बैठकका कार्यसूची (एजेण्डा)

१. ६३औं कार्यपालिका बैठकको निर्णय सम्बन्धमा।

२. कार्यविधि स्वीकृति/संशोधन सम्बन्धमा,

क.होर्डिङ बोर्डको व्यवस्थापन तथा नियमन सम्बन्धी मापदण्ड, २०८२,

ख.पोखरा महानगरपालिका भवन तथा पुर्वाधार मापदण्ड २०८० (संशोधन),

३. बोरिङ अनुमति/नविकरण सम्बन्धमा।

क. पोखरा म.न.पा. वडा नं १८ स्थित लामागाँउ खानेपानी आयोजना,

ख. पोखरा म.न.पा. वडा नं १८ स्थित जनजागृति मा.वि. ,

ग. पोखरा म.न.पा. १७ विशाल सामुदायिक बोरिङ खानेपानी उपभोक्ता समिति,

घ. पोखरा म.न.पा-६, स्वर्णीम होटल,

ङ. पोखरा म.न.पा.३३ भरतपोखरी सामुदायिक डिप बोरिङ खानेपानी तथा सरसफाई,

च. पोखरा म.न.पा -१८ बरपिपल रिसोर्टको वोरिङ्ग इजाजत नविकरण,

छ. पोखरा म.न.पा -१८ दुर्गा एण्ड प्रकास रेष्टुरेन्ट प्रा.लि.,

ज. पोखरा म.न.पा-२२ पुम्दीकोट कोट विकास समिति,

झ. पोखरा म.न.पा-८ मारबाडी सेवा भोजनालय प्रा.लि.,

ञ. पोखरा म.न.पा-१७ फेवा मिट प्रोडक्टस प्रा.लि.,

४. पोखरा म.न.पा, २० वडा कार्यालय भवनको निर्माण व्यवसायीलाई आर्थिक सहयोग सम्बन्धमा।

५. विद्यालय व्यवस्थापन समिति मार्फत निर्माण कार्य गराउने सम्बन्धमा।

६. २३औं विलियम सि.भिज पूर्व अन्तराष्ट्रिय वाणिज्य मध्यस्थता अभ्यास अदालत प्रतियोगितामा सहभागी हुँदा लागेको खर्च भुक्तानी सम्बन्धमा।

७. "घ" वर्गको ईजाजत पत्र सम्बन्धमा। (छिनेडाँडा निर्माण सेवा, पोखरा १४)

८. सार्वजनिक जग्गाको प्रयोग सम्बन्धमा,

क. पोखरा म.न.पा. ३१ मा अवस्थित हरे कृष्ण मन्दिरलाई अन्दाजी ३० रोपनी जग्गा उपलब्ध गराउने सम्बन्धमा।

ख. नेपाल राष्ट्रिय दलित जनविकास संस्था जिल्ला कार्यसमितिलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा।

ग. एबिया क्लबले वडा नं २३ मा सार्वजनिक जग्गाको प्रयोगका लागि भएको सम्झौताको नविकरण सम्बन्धमा।

घ. पोखरा म.न.पा र गण्डकी ट्राउट फार्म, पोखरा-१९ वीच भएको सम्झौता नविकरण सम्बन्धमा।

९. वातावरण तथा विपद् व्यवस्थापन समितिबाट पेश भएको प्रतिवेदन सम्बन्धमा।

१०. नयनतारा सहकारीका व्यवस्थापक रवि किरण पराजुलीको रोक्का रहेको बैंक खाता फुकुवा सम्बन्धमा सहकारी समितिबाट भएको सिफारिश सम्बन्धमा

प्रमुख प्रशासकीय अधिकृत

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

११. पोखरा म.न.पा. २५ का शारदा पिया श्रेष्ठ र गोपाल प्रसाद श्रेष्ठलाई मुआब्जा उपलब्ध सम्बन्धमा।

१२. अध्ययन/असाधारण विदा सम्बन्धमा,

क. सि.अ.न.मि (पाचौं), मन्जु सुवेदी ( मिति २०८३/०१/१० देखि २०८५/०१/१०)

ख. रामरतन साह, सब इन्जिनियर (मिति २०८२।१०।०१ देखि मिति २०८३।०९।३०)

ग. सरिता भट्ट, बरिष्ठ लेखा सहायक (मिति २०८२।११।०१ देखि मिति २०८३।१०।३०)

घ. प्रतिज्ञा अर्याल, सब इन्जिनियर ( मिति २०८२/११/०२ देखि मिति २०८३/११/०१)

१३. अधिकृतस्तर कर्मचारीहरुको नियुक्ति र अवकाश सम्बन्धमा।

१४. गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने समपुरक र विशेष अनुदान मार्फत सञ्चालन हुने योजनाहरुको छनौट सम्बन्धमा।

१५. पोखरा म.न.पा-१४ को निजी जग्गाबाट निर्माणजन्य सामग्री उत्खनन् कार्यका लागि तयार भएको IEE स्वीकृति सम्बन्धमा।

१६. महानगरीय प्रहरी बल अन्तर्गत रिक्त रहेका विभिन्न पदमा पदपूर्ति गर्ने सम्बन्धमा।

१७. फोहोरमैला संकलन तथा ढुवानी ठेक्का प्रबन्ध सम्बन्धमा।

१८. राजश्व महाशाखा अन्तर्गत

क. कसेरी घाट, वडा नं १ का अन्य घाटहरु, वडा नं १५ को राती खहरे मैदानमा सामग्री तथा वडा नं १७ को प्रगति टोल देखि दोबिल्ला सडक खण्डमा रहेको माटो हटाउन नियमावली बमोजिम सार्वजनिक डाँक गर्ने सम्बन्धमा।

ख. पोखरा-२५, मणिघाटमा संकलित नदीजन्य सामग्री विक्री वितरण सम्बन्धमा।

ग. पोखरा महानगरपालिका अन्तर्गत सञ्चालित चमेनागृहसँगको पुरक सम्झौता सम्बन्धमा।

घ. पोखरा कोसेली घरको सटर, स्नान घर तथा शौचालय भाडामा लगाउने सम्बन्धी बोलपत्र आव्हान सम्बन्धमा।

ङ. आ.व. २०८३/०८४ र २०८४/०८५ को दहत्तर बहत्तरको परिमाण एकिन गर्न IEE निर्माण सम्बन्धमा।

१९. शिशुवा अस्पतालमा सञ्चालित एम्बुलेन्स मर्मत सम्बन्धमा।

२०. ठेक्का सम्झौता मार्फत सञ्चालन हुने चालु आ.व.मा सम्झौता हुन बाँकी ३० लाख भन्दा बढी लागतका योजनाहरुको कार्यसम्पन्न समयावधि सम्बन्धमा।

२१. पूर्ण खोप वडा घोषणा सम्बन्धमा।

२२. शुशिला भुजेलको माग निवेदन सम्बन्धमा।

२३. नगरपालिका संघको वार्षिकोत्सवमा भाग लिने सम्बन्धमा।

२४. विविध।

क- महानगरपालिकाबाट निर्मित विभिन्न कार्यालयहरु उदघाटन सम्बन्धमा।

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय न्यूरोड, कास्की गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

मिति -२०८२/११/२५ गते (बुधबार) स्थान - वडा कार्यालय वडा नं.-१२ को सभाकक्ष

बैठक संख्या- ६४ समय- दिनको ०१ -०० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यापालिकाको बैठक तपशिल बमोजिमको उपस्थितिमा बस्यो । उपस्थिति-

| सि नं. | पद | पोखरा महानगरपालिका | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ | |
| ३ | सचिब | प्रमुख प्रशासकीय अधिकृत | श्री मुक्तिराम अर्याल | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं.-१ | श्री शाहरा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.-४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं.-५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं.-६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं.-७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं.-८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं.-९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं.-१० | श्री राजेश गुरुङ | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं.-११ | श्री प्रेम प्रसाद कर्मचार्य | प्रेम प्रसाद |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं.-१२ | श्री सन्तोष बास्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं.-१३ | श्री किरण बराल | |

| | | | | |
|---|---|---|---|---|
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं.-१४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं.-१५ | श्री तोरण बहादुर बानियाँ | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं.-१६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं.-१७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं.-१८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं.-१९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं.-२० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं.-२१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं.-२३ | श्री रामकाजी गुरुङ | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं.-२४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं.-२५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं.-२६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं.-२७ | श्री पूर्ण कुमार गुरुङ | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं.-२८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं.-२९ | श्री श्रीप्रसाद गुरुङ | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं.-३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं.-३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं.-३२ | श्री अक्कल बहादुर कार्की | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोविन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखरेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | | | | |
| | | | | |

# पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

## ६४ औँ कार्यपालिका बैठक मिति २०८२/१२/ २५ गते

**निर्णय नं १**

६३ औँ कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो।

**निर्णय नं २**

पोखरा महानगरपालिका नगर कार्यपालिका समक्ष पेश भएका तपशिल बमोजिमका कार्यविधि/मापदण्ड दफावार छलफल गरी सुझाव सहित पेश गर्न विधायन समितिमा पठाउने निर्णय गरियो।

क. होर्डिङ बोर्डको व्यवस्थापन तथा नियमन सम्बन्धी मापदण्ड, २०८२,

ख. पोखरा महानगरपालिका भवन तथा पुर्वाधार मापदण्ड २०८० (संशोधन),

ग. पोखरा महानगरपालिका खर्च सञ्चालन निर्देशिका, २०८१ दफा ६(१) को प्रतिबन्धात्मक बाकांश (तर कार्यालयको काममा खटिने सवारी चालकको हकमा महाशाखा प्रमुखबाट र दैनिक रुपमा ई हाजिरी गर्न सम्भव नहुने सरसफाईको काममा फिल्डमा खटिएका सरसफाईकर्मीको हकमा सम्बन्धित महाशाखा प्रमुखको सिफारिस बमोजिम हुनेछ)

**निर्णय नं ३**

पोखरा महानगरपालिकाको भूमिगत जलश्रोत उपयोग सम्बन्धी कार्यविधि, २०८० बमोजिम गठन भएको महानगरस्तरीय भूमिगत जलश्रोत समितिबाट सोही कार्यविधिको दफा ६ बमोजिम इजाजत माग भएका निवेदनहरुका सम्बन्धमा महानगरस्तरीय भूमिगत जलश्रोत समितिबाट सिफारिस भई आएका तपशिल बमोजिमका समिति/संस्था/फर्म/कम्पनी/व्यक्तिलाई भूमिगत जलस्रोत उपयोगका लागि महानगरको चालु आर्थिक ऐनले निर्धारण गरेको राजश्व रकम दाखिला गराई भुमिगत जलस्रोत उपयोग गर्न अनुमति दिने निर्णय गरियो।

क. लामागाँउ खानेपानी आयोजना, पोखरा म.न.पा. वडा नं. १८

ख. स्थित जनजागृति मा.वि., पोखरा म.न.पा. वडा नं १८

ग. विशाल सामुदायिक बोरिङ खानेपानी उपभोक्ता समिति, पोखरा म.न.पा. १७,

घ. स्वर्णीम होटल, पोखरा म.न.पा वडा नं. ६

ङ. भरतपोखरी सामुदायिक डिप बोरिङ खानेपानी तथा सरसफाई, पोखरा म.न.पा.३३

च. बरपिपल रिसोर्टको वोरिङ्ग इजाजत नविकरण, पोखरा म.न.पा -१८

छ. दुर्गा एण्ड प्रकास रेष्टुरेन्ट प्रा.लि, पोखरा म.न.पा -१८

ज. पुम्दीकोट कोट विकास समिति, पोखरा म.न.पा-२२

झ. मारबाडी सेवा भोजनालय प्रा.लि.,पोखरा म.न.पा-८

ञ. फेवा मिट प्रोडक्टस प्रा.लि., पोखरा म.न.पा-१७

**निर्णय नं ४**

राष्ट्रपति शैक्षिक सुधार अन्तर्गत अन्तरसंरकारी वित्तीय हस्तान्तरण मार्फत महानगरमा प्राप्त विद्यालय भौतिक सुधारका लागि प्राप्त बजेट ढिला गरी प्राप्त भएको र चालु आ.व.मा वोलपत्र प्रकाशन गर्ने कार्य गराउन समयाभावका कारण नसकिने हुँदा विद्यालय व्यवस्थापन समिति मार्फत कार्य सञ्चालन गराउन स्वीकृति दिने निर्णय गरियो।

**निर्णय नं ५**

महानगर अन्तर्गत सञ्चालित शिशुवा अस्पतालमा रहेको एम्बुलेन्स बिग्रिएको अवस्थामा रहेकोले अत्यावश्यकीय तथा आपतकालिन स्वास्थ्य सेवालाई प्रभावित भइरहेको हुँदा मर्मतको लागि चालु आ.व.मा सवारी साधन मर्मत खर्च शिर्षकमा रु ३,००,०००।- मात्र विनियोजन भएकोमा सो सवारी साधनको मर्मत लागत अनुमान रु ८,६८,५००।- पेश हुन आएको हुँदा नपुग रकम रु ५,६८,५००।- व्यवस्थाको लागि शिशुवा अस्पतालबाट अनुरोध भइ आएकोले नगर कार्यपालिका अन्तर्गत विनियोजित बजेट उपशिर्षक नं.८०४३९२०११०१ खर्च शिर्षक नं. २२२१३ बाट शिशुवा अस्पतालको बजेट उपशिर्षक ८०४३९२०११०१ खर्च शिर्षक नं. २२२१३ मा रु ५,६८,५००।- रकमान्तर गरी बजेट व्यवस्था मिलाउने निर्णय गरियो।

**निर्णय नं ६**

'घ' वर्गको निर्माण व्यवसायका लागि नयाँ ईजाजत पत्रको माग गरी पेश भएका निवेदनहरुका सम्बन्धमा छानविन एवं जाचबुझ गरी दर्ताका लागि सिफारिश गर्न गठित समितिबाट सिफारिश भई आएका तपसिल बमोजिमका फर्म/कम्पनीहरुलाई 'घ' वर्गको ईजाजत पत्र प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ को अनुसूची ५ बमोजिमका कागजातहरुका आधारमा 'घ' वर्गको निर्माण व्यवसायी ईजाजतपत्र जारी गर्ने निर्णय गरियोः

क. छिनेडाँडा निर्माण सेवा, पोखरा म.न.पा १४

**निर्णय नं ७**

सार्वजनिक जग्गाको प्रयोग गर्न अनुमति दिने सम्बन्धमा तपशिल बमोजिम गर्ने निर्णय गरियोः

क. पोखरा म.न.पा. ३१ मा अवस्थित हरे कृष्ण मन्दिरलाई साविक वेगनास वडा नं ३ हाल पोखरा म.न.पा ३१ फिल्डबुकमा पर्ति ज़निएको सि.न. ०९४ र १०१० को कित्ता नं २८८ क्षेत्रफल ९४-१२-२-३/४ को जग्गाबाट मन्दिर, वृद्धाश्रम, गुरुकुल, गौशाला, सभाहल र कार्यालय भवन निर्माणका लागि ७० रोपनी जग्गा उपलब्ध गराउने सम्बन्धमा छलफल हुँदा धार्मिक साँस्कृतिक प्रवर्द्धन लगायत धार्मिक पर्यटन प्रवर्धन हुने अवस्था रहेको हुँदा जग्गा प्राप्ति सम्बन्धी प्रक्रियाका लागि जिल्ला प्रशासन कार्यालय कास्कीमा सिफारिश गर्ने निर्णय गरियो।

ख. पोखरा महानगरपालिका वडा नं १३ कडहर, मौलापाटनमा रहेको नेपाल राष्ट्रिय दलित जनविकास संस्था जिल्ला कार्यसमिति कास्कीको मिति २०८२/०६/०१ गतेको पत्रबाट पिछडिएका दलित वर्गको लागि भवनको अति आवश्यक परेको हुनाले तत्कालिन पोखरा नगर पञ्चायत कार्यालयबाट मिति २०३८/१०/२५ मा संस्थाको लागि जग्गा उपलब्ध भएको र सो संस्थाको लागि मोहडा २५ पिछाड ३० हात प्राप्ति गर्ने प्रकृयाका लागि आवश्यक कागजातहरु संलग्न राखि थप प्रकृयाका लागि जिल्ला प्रशासन कार्यालयमा सिफारिस गरी पठाउने निर्णय गरियो।

ग. एबिया क्लबले वडा नं २३ मा सार्वजनिक जग्गाको प्रयोगका लागि भएको सम्झौताको नविकरण र पोखरा म.न.पा र गण्डकी ट्राउट फार्म, पोखरा-१९ वीच भएको सम्झौता नविकरण सम्बन्धमा जाँचबुझ गरी नविकरण गर्न मिल्ने नमिल्ने सम्बन्धमा राय सिफारिश पेश गर्न तपसिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

| | |
|---|---|
| अ. श्री मोतिराज तिमिल्सिना | संयोजक |
| आ. श्री पुष्पेन्द्र पाण्डे | सदस्य |
| इ. श्री रामकाजी गुरुङ | सदस्य |
| ई. श्री हिमलाल बराल | सदस्य |
| उ. श्री अमृत तिमिल्सिना | सदस्य |
| ऊ. श्री नवराज पौडेल | सदस्य सचिव |

**निर्णय नं ८**

मिति २०८२/०५/०५ को ५१औँ कार्यपालिकाको बैठकबाट पोखरा महानगरपालिका वडा नं ३२ स्थित आपतकालिन रुपमा विपद् व्यवस्थापन कार्य (ठूलोपाटन टोल म्याग्दी टल बस्ती संरक्षण) का लागि प्राविधिकबाट पेश भएको लगत अनुमान बमोजिम खरिद भएका ह्यूम पाइप खरिद बापतको रकम रु. २० लाख विपद् व्यवस्थापन कोषबाट नियमानुसार भूक्तानी दिने सम्बन्धी विपद् व्यवस्थापन समितिको मिति २०८१/०६/३०(बैठक संख्या ११) को निर्णयका सम्बन्धमा थप छलफल गरी राय/सिफारिस सहित वातावरण तथा विपद् व्यवस्थापन समिति मार्फत आगामी कार्यपालिकामा पेश गर्न पर्यटन तथा शहरी विकास महाशाखा प्रमुखलाई निर्देशन दिइएकोमा उक्त समितिले प्राविधिक मूल्यांकनका आधारमा भुक्तानी गर्न प्राप्त सुझाव र प्राविधिकबाट सिफारिश भएको नापजाँच तथा कार्यसम्पन्न प्रतिवेदनका आधारमा एकिन भएको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

पोखरा महानगरपालिकाको कार्यक्षेत्र भित्र रहेको श्री नयनतारा कृषि सहकारी संस्था लि.को सम्बन्धमा महानगरपालिका सहकारी समितिबाट भएको निर्णय बमोजिम सो संस्थाका सम्पूर्ण सञ्चालक तथा व्यवस्थापक समेतको बैंक खाता कालोसूचीमा रही रोक्का राखेकोमा सहकारी शाखाबाट संस्थाका संचालकहरुसंग बैठक, ऋण असुली रणनिति, आदि बारे छलफल गरी बचतकर्ताहरुको बचत फिर्तामा सहजीकरण गर्न संस्थाबाट ऋण उठाउने क्रममा ऋणीहरुबाट व्यवस्थापकको खातामा बचत फिर्ताका लागि चेकहरु Issue हुने भएकाले व्यवस्थापकको खाता खोल्ने सम्बन्धमा सहकारी समितिका निर्णयहरु जेनजी आन्दोलनका क्रममा जल्न गै नष्ट भएको स्थिति रहेको भनी ऋण रकम असुली गर्ने प्रयोजनका लागि सो सहकारीका व्यवस्थापक श्री रविकिरण पराजुलीको बैंक खाता खोलिदिन सञ्चालनहरुबाट भएको अनुरोध र पोखरा महानगरपालिका सहकारी समितिबाट भएको सिफारिस बमोजिम व्यवस्थापक रविकिरण पराजुलीको बैंक खाता फुकुवा गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

पोखरा महानगरपालिका वडा नं २५ निवासी शारदा पिया श्रेष्ठको नाउँमा श्रेष्ता पूर्जा कायम रहेको वडा नं २५ हेम्जा याम्दीमा पर्ने मध्यपहाडी लोकमार्गसँग जोडिएको कित्ता नं २५६९ क्षेत्रफल ०-४-३-० र गोपाल प्रसाद श्रेष्ठको श्रेष्ता पूर्जा कायम रहेको कित्ता नं २५७०, क्षेत्रफल ०-४-३-१ को जग्गाबाट महानगरपालिकाले गजरे घाट जाने बाटो निर्माण गरेको भनी सो जग्गाको मुआब्जा माग गरी निजहरुबाट विभिन्न मितिमा निवेदन पेश भएको जग्गाका सम्बन्धमा मुआब्जा रकम एकिन जिल्ला प्रशासन कार्यालय कास्की सिफारिश गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं ११**

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ११३ र नियमावली, २०८० को नियम १११ र ११२ बमोजिम पोखरा महानगरपालिकामा कार्यरत तपशिल बमोजिमको कर्मचारीबाट माग भएका निम्न बमोजिमका अध्ययन/असाधारण विदा अनुमति स्वीकृत गर्ने निर्णय गरियोः

| क्र.स | नामथर | पद/तह | विदाको किसिम | विदाको अवधि |
|---|---|---|---|---|
| १ | मञ्जु सुवेदी | सि.अ.मी पाचौँ | तलबी अध्ययन विदा | २०८३/०१/१० देखि २ बर्ष |
| २ | रामरतन शाह | सब इन्जिनियर पाचौँ | असाधारण विदा | २०८२/१०/०१ देखि १ बर्ष |
| ३ | सरिता भट्ट | बरिष्ठ लेखा सहायक पाचौँ | असाधारण विदा | २०८२/१२/०१ देखि १ बर्ष |
| ४ | प्रतिज्ञा अर्याल | सब इन्जिनियर पाचौँ | असाधारण विदा | २०८२/११/०२ देखि १ बर्ष |

**निर्णय नं १२**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (बढुवा समितिको सचिवालय), गण्डकी प्रदेशबाट नापी अधिकृत (सातौं) पदमा पदोन्नति भई नियुक्तिका लागि सिफारिस हुनुभएका श्री सीता कार्कीको बढुवा नियुक्ति स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६(१) बमोजिम अनुमोदन गर्ने निर्णय गरियो। साथै सोही ऐनको दफा १६(१) बमोजिम नियुक्ति र पदस्थापना, दफा ५८ बमोजिम अनिवार्य अवकाश र दफा १४१ बमोजिम स्वच्छिक अवकाश लिँदा कार्यपालिकाको निर्णय बमोजिम गर्नुपर्ने व्यवस्था रहेकोमा कर्मचारी नियुक्ति र पदस्थापना, अनिवार्य अवकाश र स्वच्छिक अवकाश हुने क्रममा तत्काल कार्यपालिका बैठक बस्न सम्भव नहुने हुँदा उक्त दफाहरु वमोजिमको अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

**निर्णय नं १३**

पोखरा महानगरपालिकाको लागि अति आवश्यक रहेका तर महानगरमा बजेट अभावको कारण कार्यान्वयन हुन नसकेका तपशिल बमोजिम आयोजना/कार्यक्रमहरुलाई तपशिल बमोजिम प्राथमिकताक्रम निर्धारण गरी गण्डकी प्रदेश सरकारबाट आ.व ०८३/०८४ मा प्राप्त हुने समपुरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गर्न आवश्यक भएकोले आयोजना तथा कार्यक्रमहरुको लागत अनुमान/प्रस्ताव तयार गरी प्रदेश नीति तथा योजना आयोगमा आयोजना/कार्यक्रम माग गरी पठाउने निर्णय गरियो।

| समपुरक अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाहरुको प्राथमिकताक्रम | | |
|---|---|---|
| क्र.स. | आयोजना/कार्यक्रमको नाम | कैफियत |
| १ | जामुनबोट-सिंगारीवास हुँदै प्यूरीदोभान सडक निर्माण वडा नं ३३ | |
| २. | पुरन्चौर सहकारीचोक-नेपालीथर रैकर जोड्ने मोटरबाटो वडा नं१९ | |
| ३. | काहुँधरहरा पुननिर्माण वडा नं. ११ | |
| **विशेष अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाहरुको प्राथमिकताक्रम** | | |
| क्र.स. | आयोजना/कार्यक्रमको नाम | कैफियत |
| १ | रातिखहरे देखि सेती पुलसम्म बाटो निर्माण वडा नं. १५ | |
| २ | भञ्याङ् आपोकस्यारी-ठूलोपाखा सडक स्तरोन्नति वडा नं.३३ | |
| ३ | शान्तिस्तुपा-पुम्दीकोट भेडीखर्क-निगालेडाँडा-पयौचौतारा-थाप्ले टाईगर हिल-पञ्चासे टुरिजम | |

**निर्णय नं १४**

पोखरा महानगरपालिका वडा नं १४ निवासी थमन वंहादुर कार्कीले कित्ता नं २३५०,२३५१,२३५२ र २३५३ को निजी जग्गाबाट माटो तथा निर्माण सामाग्री उत्खनन् कार्यका लागि वडा नं ३३ वस्ने श्री (आषिका कन्ट्रक्सन एण्ड विल्डर्स) का प्रोपाइटर शिव लामिछानेले उल्लिखित कित्ताहरुमा माटो तथा निर्माण सामाग्री उत्खनन कार्यका लागि पेश गरेको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७९ परिच्छेद (३) दफा८ (१) बमोजिम गठित प्राविधिक समितिको सिफारिसमा सोही कार्यविधिको दफा ७ मा भएको व्यवस्था बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं १५**

नगरसभाबाट स्वीकृत महानगरीय प्रहरी बल अन्तर्गत रिक्त रहेका विभिन्न पदहरुमा पदपूर्ति प्रक्रिया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो। साथै नगर प्रहरी नायब उपरीक्षक पदको लागि पेश भएको आवश्यक न्युनतम योग्यता समेत स्वीकृत गर्ने निर्णय गरियो। नगर प्रहरी नायब उपरीक्षक पदको लागि स्वीकृत भएको न्युनतम योग्यता अनुसुची १ मा समावेश गरिएको छ। अन्य पदको हकमा महानगरपालिका नगर प्रहरी ऐन, २०७५ मा व्यवस्था भएबमोजिम हुनेछ।

निर्णय नं १६
राजश्व महाशाखा अन्तर्गतकाः

क. चौथो पटकसम्म बोलपत्र आव्हान भएता पनि आय ठेक्का व्यवस्थापन नभएका घाटहरु पोखरा महानगरपालिका वडा नं. १ कसेरी स्थित लालटिनबजार घाट तथा पोखरा महानगरपालिका वडा नं. २५ मणिघाट स्थित रुद्रमहादेव घाटमा वाटगद्दी गरीराखेको नदीजन्य सामाग्रीको सम्बन्धित वडाका जनप्रतिनिधि समेतको रोहवरमा प्राविधिकबाट एकिन गरी प्राप्त प्रतिवेदन बमोजिमको परिमाणका आधारमा पोखरा महानगरपालिका आर्थिक ऐन २०८२ को दररेट बमोजिम पोखरा महानगरपालिका आयठेक्का बन्दोबस्ती नियमावली २०७७ को नियम १० (६) बमोजिम सार्वजनिक डाँक बढाबढ मार्फत राजस्व संकलन गर्ने निर्णय गरियो।

ख.पोखरा महानगरपालिका वडा नं. १५ को राती खहरे खेल मैदानमा रहेको नदीजन्य निर्माण सामग्री तथा वडा नं. १७ को प्रगति टोल देखि दोबिल्ला सडक खण्डमा स्टक रहेको माटो सम्बन्धमा सम्बन्धित वडाका जनप्रतिनिधिको रोहवरमा प्राविधिकबाट परिमाण एकिन गरी प्राप्त प्रतिवेदनबमोजिमको परिमाणका आधारमा पोखरा महानगरपालिका आर्थिक ऐन २०८२ को दररेट बमोजिम पोखरा महानगरपालिका आयठेक्का बन्दोबस्ती नियमावली २०७७ को नियम १० (६) बमोजिम सार्वजनिक डाँक बढाबढ मार्फत राजस्व संकलन गर्ने निर्णय गरियो।

ग. पोखरा महानगरपालिका र स्याङ्जाली पोखरेल खाजा घर (पान नं ६०३८१७०५०) बीच मिति २०८१ माघ २८ मा भएको सम्झौता पत्र अनुसार पोखरा महानगरपालिकाको चमेनागृह सञ्चालन गर्ने गरी ठेक्का सञ्चालन गर्न गराउनका लागि सम्झौता भएकोमा मिति २०८२ भाद्र २३ र २४ गते भएको जेन-जी अन्दोलनका क्रममा कार्यालय र चमेना गृह समेत तोडफोड र आगलागी भई नष्ट भएकोले मिति २०८२ कार्तिक २४ गते भएको पोखरा महानगरपालिका र राष्ट्रिय वाणिज्य बैंक लि. बिच घर बहाल सम्बन्धी करारनामा बमोजिमको रेट मङ्सिर महिनाबाट लागु हुने गरि प्रति वर्ग फिटको रु. ३५ का दरले १००० वर्ग फिटको दरले हुन आउने मासिक रु ३५,०००।००(पैतिस हजार) भाडा रकम कायम गरी राजश्व महाशाखाले बजार मुल्य समेत संकलन गरि तयार गरेको संशोधित मुल्य सुचीलाई स्वीकृत गरी पुरक सम्झौताको लागि आवश्यक प्रबन्ध मिलाउन प्रशासन र राजश्व महाशाखालाई निर्देशन दिने निर्णय गरियो। संशोधित मूल्यसूची अनुसुची १ मा समावेश गरिएको छ।

घ. पोखरा महानगरपालिका वडा नं. ९, पृथ्वीचोक स्थित पोखरा कोसेली घरको सटर, स्नान घर तथा शौचालय भाडामा लगाउने सम्बन्धी बोलपत्र आव्हानका लागि प्राविधिक लगत स्टिमेट स्वीकृत गरी आवश्यक प्रबन्ध गर्न राजश्व महाशाखालाई निर्देशन दिने तथा सोको सञ्चालनार्थ शुल्कको दररेट आर्थिक ऐन, २०८२ मा उल्लेख नभएको हुँदा आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा १को व्यवस्था बमोजिम राजस्व परामर्श समितिको मिति २०८२/१२/२५ को सिफारिश बमोजिम तपसिल अनुसार दररेट स्वीकृत गरी आय ठेक्का नियमावलीको नियम ३(३) बमोजिम बहुबर्षिय ठेक्का व्यवस्थापनको लागि तपसिल अनुसार दररेट स्वीकृत गर्ने निर्णय गरियो।

| सि.नं. | विवरण | शुल्क(रू) | कै. |
|---|---|---|---|
| १ | स्नानघरमा नुहाएको | रु ९० | |
| २ | तातो पानीले नुहाएको हकमा | रु १२० | |
| ३ | शौचालयमा दिसा गरेको | रु १० | |
| ४ | पिसाब गरेको | रु ५ | |

ङ. पोखरा महानगरपालिकाको आ.व. २०८३/०८४ र ०८४/०८५ को दहत्तर बहत्तरको (नदिजन्य सामाग्री) परिमाण एकिन गर्नका लागि IEE निर्माण गर्नको लागि आवश्यक कागजात तथा उपयुक्त खरिद विधि अवलम्बन गरी प्रक्रिया अगाडि बढाउन राजश्व महाशाखा र शहरी विकास, पर्यटन, वन तथा वातावरण महाशाखालाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं १७**

पोखरा महानगरपालिका अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ को बार्षिक विकास कार्यक्रममा रहेका संघीय तथा प्रदेश अनुदान बाहेक ठेक्का सम्झौता मार्फत सञ्चालन हुने गरी स्विकृत भएका रु ३० लाख वा सो भन्दा बढी विनियोजन भएका योजनाहरु चालु आ.व.मा बोलपत्र आव्हान गरी हाल सम्म सम्झौता नभएका आयोजनाको समयाभावको कारण कार्यसम्पन्न गर्न नसकिने देखिएकोले त्यस्ता योजनाहरुको चालु आ.व.मा भुक्तानी बाँकी रकम र सम्पन्न गर्नुपर्ने कार्यका लागि आगामी आ.व. २०८३/०८४ को बजेटमा रकम सुनिश्चित गर्ने प्रकृयामा पठाइने पौष मसान्तसम्म कार्यसम्पन्न गर्ने गरी समयसीमा कायम गर्ने निर्णय गरियो।

**निर्णय नं १८**

पोखरा महानगरपालिकाको वार्षिक लक्षित कार्यक्रम पालिका पूर्ण खोप सुनिश्चित् दीगोपना घोषणा कार्यक्रम २०८२/८३ अन्तर्गत हाल सबै वडाहरुबाट घरधुरी सर्भेक्षणकै क्रममा रहेको साथै केही वडाहरुबाट पूर्णखोप घोषणा माग भई आएकोले पालिकास्तरबाट हुने सर्भेक्षणमा जनशक्ति खटाई सर्भेक्षण गरी निर्देशिका अनुसारको प्रक्रिया पुरा गरेका वडाहरुलाई क्रमश पूर्णखोप सुनिश्चित घोषणाका लागि अनुमति प्रदान गर्ने र सबै वडाहरुको कार्य सम्पन्न भएपश्चात् महानगरपालिकालाई पूर्णखोप घोषणाको तयारी गर्ने र पालिकास्तरको पूर्णखोप भेरिफिकेशनका लागि निर्देशिकाले तोकेबमोजिमको टोलि गठन (स्वास्थ्य कार्यालय जिल्ला खोप समन्वय समिति महिला स्वास्थ्य स्वयंसेविका गैर सरकारी संस्था स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु र सञ्चारकर्मी प्रतिनिधिलाई संलग्न) गरी कार्यक्षेत्रमा खटाउन महाशाखा प्रमुखलाई जिम्मेवारी प्रदान गर्ने।

**निर्णय नं १९**

नेपाल नगरपालिका संघको ३३औं बार्षिकोत्सव कार्यक्रममा सहभागिताको लागि नगर प्रमुख/उप प्रमुखज्यूलाई भएको आमन्त्रण स्विकार गर्ने र नगर प्रमुख सहित महानगरपालिकाका तपशिल बमोजिमका कर्मचारीहरुलाई वार्षिकोत्सवमा सहभागी हुन मनोनयन गर्ने निर्णय गरियो:

| क्र.स. | पद | नामथर | कैफियत |
|---|---|---|---|
| १. | नगर प्रमुख | श्री धनराज आचार्य | |
| २. | प्र. अ. | श्री टिकाराम बजगाई | |
| ३. | सू.प्र.अ. | श्री सुवास ढुंगाना | |
| ४. | स. पाचौं | श्री श्रीराम शर्मा मरासेनी | |
| ५. | प्रेस संयोजक | श्री भिम थापा | |

**निर्णय नं २०**

पोखरा महानगरपालिकाबाट निर्माण सम्पन्न गरेका तपशिल बमोजिम नवनिर्मित संरचनाहरुको उदघाटन गरी प्रयोगमा ल्याउने निर्णय गरियो।

क. विपद जोखिम न्यूनिकरण केन्द्र, पोखरा-९

ख. कालिकास्थान-पुडिटार सडक

ग. शिशुवा -सिसाघाट सडक

घ. पोखरा घर, पोखरा-९

**निर्णय नं २१**

नेपाल सरकार शहरी् विकास मन्त्रालयबाट पोखरा महानगरपालिका वडा नं १० मा शवदाहगृह निर्माण सम्पन्न गरी सो मन्त्रालय अन्तर्गत संघीय आयोजना कार्यान्वयन ईकाई कास्कीबाट महानगरपालिकामा हस्तान्तरण भएकोमा शवदाहगृहमा रहेको शव दाहन गर्ने मेशिन उपकरण र सम्बन्धित अन्य सामग्रीहरुको विवरण प्राप्त नभएको, मेशिन उपकरणको औसत आयु र हालको अवस्थाका बारेमा प्राविधिक विवरण एकिन नभएको, मेशिन उपकरण सञ्चालनका लागि आवश्यक जनशक्तिलाई सञ्चालन सीपका सम्बन्धमा प्रशिक्षण नभएको, मर्मतसम्भार सम्बन्धी मार्गदर्शन नभएको, वीमा भए नभएको जस्ता विषयहरु स्पष्ट हुन नसकेकोले संघीय आयोजना कार्यान्वयन ईकाई कास्कीसंग उल्लेखित विवरण माग गर्ने । विवरण प्राप्त भए पश्चात् महानगरपालिकाबाट यसपूर्व तालिम प्राप्त जनशक्तिबाट शवदाहगृह सञ्चालन कार्यविधि २०८२ बमोजिम पर्यटन तथा शहरी विकास महाशाखाबाट शवदाहगृह सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं २२**

पोखरा महानगरपालिका वडा नं. ६ स्थित श्री पुष्पा पहारी र पदम राज पहारीको संयुक्त नाममा रहेको घर वहालमा लिइ ६ नं. वडा कार्यालयको कार्यसम्पादन हुँदै आएकोमा घरधनीहरुबाट सम्झौता बमोजिम बहाल रकम रु. ४५८३३।- मा १० प्रतिशत भाडा बृद्दि गरी रु. गरी रु. ५०४१६।- मासिक भुक्तानी माग भएको रकम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं २३**

सार्वजनिक निजी साझेदारी अवधारणामा पोखरा महानगरपालिका र मोरेखरे रिभर माईनिङ्ग प्रा.लि. प्रस्तावक रहेको सेती नदीको मोरेखरे (पोखरा महानगरपालिका वडा नं १४, २७ र ३३) क्षेत्रको सेती नदीमा स्थायी बाँध निर्माण गरी नदीजन्य सामाग्री संकलन, प्रसोधन तथा निकासी गर्ने सम्बन्धी उक्त कम्पनी र यस कार्यालय बीच सम्झौता भई हाल उक्त आयोजनाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको लागि कार्यसूची समेत तयार गरी वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेशमा पेश भएको प्रतिवेदन स्वीकृतिका लागि सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report) आवश्यक देखिएको भनी उक्त प्रा.लि.बाट अध्ययन गरी पेश भएको सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report) छलफल पश्चात् स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं २४**

पोखरा अन्तराष्ट्रिय विमानस्थलमा हवाई यात्रुहरुलाई विमानस्थलबाट बजारको पहुँचसम्म आवतजावत गर्न असहज भएको जानकारी प्राप्त भएकोले यात्रुहरुको सुविधालाई मध्यनजर गरी पोखरा महानगरपालिकाले विमानस्थलदेखि अमरसिंहचोकसम्म मिति २०८३ बैशाख महिना देखि असार मसान्तसम्मका लागि दुईवटा सटल बस सेवा निशुल्क रुपमा सञ्चालन गर्नका लागि महानगरबाट प्रस्ताव आव्हान भएकोमा ३ वटा कम्पनीहरुबाट पेश भएको प्रस्तावित वहाल रकममध्ये सबैभन्दा कम वहाल रकम प्रस्ताव गर्ने महानगर यातायात प्रा.लि.सँग सम्झौता गर्ने निर्णय गरियो । साथै निशुल्क सटल बस सेवा सञ्चालनको लागि लागत साझेदारी गर्न कृषि विकास बैंक र कामना सेवा विकास बैंकलाई अनुरोध गर्ने समेत निर्णय गरियो ।

निर्णय नं २५
पोखरा महानगरपालिका वडा नं. १७ छोरेपाटन स्थित श्री छोरेपाटन मा. वि.बाट विगत स्थापनाकालदेखि नै संरक्षण सञ्चालन व्यवस्थापन गर्दै आएको र सोही स्थानमा अवस्थित डेभिड फल्स (पातले छाँगो) पर्यटकीय स्थलको व्यवस्थापन सञ्चालन सम्बन्धमा मिति २०८०।०४।१० मा पोखरा महानगरपालिका र उक्त विद्यालयवीच भएको सम्झौता खण्ड (क) उपखण्ड (३) मा भएको सम्झौता अनुसार वार्षिक रुपमा उक्त विद्यालयलाई अनिवार्य दायित्वको रुपमा रु ३,०१,००,०००।- रकम चार (४) किस्तामा विभाजन गरी अनुदान उपलब्ध गराउनु पर्ने सम्झौता भएको तथा उक्त अनुदान रकम सो बिद्यालयको नाममा निकासा गर्ने/गराउने तथा उक्त निकासा रकमलाई औचित्यपूर्ण, नियमित, पारदर्शी एवं प्रभावकारी बनाउन विद्यालयबाट पेश हुन आएको तपशिल बमोजिमको वार्षिक खर्च प्रस्तावलाइ अन्य व्यवस्था नभएसम्मको लागि स्विकृत गर्ने तथा सोही खर्च प्रस्तावको आधारमा विद्यालयले प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने तथा लेखा परिक्षण समेत गर्ने/गराउने सोही आधारमा भएको वित्त तथा भर्पाइहरुको आधारमा नियमित रुपमा महानगरपालिकाबाट उक्त सम्झौता अनुसारको रकम निकासा गर्ने/गराउने निर्णय गरियो । साथै अर्को प्रस्ताव स्विकृत नभए सम्मको लागि यही स्विकृत प्रस्तावको आधारमा खर्च गर्ने/गराउने तथा नगरपालिकाबाट नियमित रुपमा निकासा गर्ने/गराउने समेत निर्णय गरियो । साथै आ.व. ०८१/८२ को रकम निकासा फुकुवा समेत यही खर्च प्रस्तावको आधारमा हुने निर्णय गरियो ।

| सि.न. | कार्यक्रम खर्च | रकम |
|---|---|---|
| क. | तलब भत्ता खर्च | ३४४७४१०३.४० |
| १ | वार्षिक तलब भत्ता तथा ग्रेड रकम | २७२२९६९१.४० |
| २ | चाडपर्व खर्च | १९१२९१२.०० |
| ३ | पोशाक भत्ता | ३३१५००.०० |
| ४ | आंशिक एवं ज्यालादारी शिक्षक कर्मचारी तलब भत्ता | ५००००००.०० |
| ख. | व्यवस्थापन एवं सञ्चालन खर्च | ४१०००००.०० |
| १ | अतिरिक्त क्रियाकलाप खर्च | ५०००००.०० |
| २ | लेखा परीक्षण खर्च | १५००००.०० |
| ३ | खानेपानी तथा सरसफाई खर्च | २०००००.०० |
| ४ | छात्रवृत्ति खर्च | ५०००००.०० |
| ५ | परीक्षा खर्च | १००००००.०० |
| ६ | बार्षिकोत्सव खर्च | ६०००००.०० |
| ७ | शैक्षिक सामग्री खरिद | ५०००००.०० |
| ८ | छपाई तथा मसलन्द खर्च | ६०००००.०० |
| ९ | कर दाखिला खर्च | ५००००.०० |
| ग. | निर्माण तथा मर्मत संरचनात्मक सुधार | ५०५००००.०० |
| १ | निर्माण तथा मर्मत खर्च | ५०००००.०० |
| २ | पुस्तकालय पुस्तक खरीद | ५००००.०० |
| | जम्मा | ४३६२४१०३.४० |

अनुसुची १

## नगर प्रहरी नायब उपरिक्षकको योग्यता:

क. नेपाली नागरिक ।

ख. मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।

ग. उमेर ४० वर्ष पुरा भई ५० वर्ष ननाघेको ।

घ. नेपाली सेनाको सेनानी वा सो भन्दा माथि, नेपाल प्रहरीको प्रहरी नायब उपरीक्षक पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी नायब उपरीक्षक पद वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको वा नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपालको अधिकृतस्तरको पदमा १० वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेको ।

ङ. पुरुषको हकमा घटिमा उचाई ५ फिट २ ईन्च, छातीः ३१-३३ इन्च, तौलः ५२ के.जी. र महिलाको हकमा उचाई ५ फिट, तौल ५० के.जी., आँखाः माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

च. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

छ. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।

ज. सम्बन्धित कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र ।

अनुसुची -१

## पोखरा महानगरपालिका क्यान्टिन मूल्य सुची (संशोधन सहित)

| सि.न. | विवरण | स्याङ्जाली पोखेल खाजा घरले पेश गरेको मुल्य | एन.एन रेष्टुरेन्टले पेश गरेको मुल्य | टेष्टी खाजा घरले पेश गरेको मुल्य | कुमार रेष्टुरेन्टले पेश गरेको मुल्य | गिताञ्जली स्विट हाउसले पेश गरेको मुल्य | विभिन्न फर्मको प्राप्त मुल्यको औसत मुल्य सुची | संशोधित मुल्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | स्पेशल दुध चिया | ३० | ३० | ३० | ३० | ३० | ३० | ३० |
| २ | लेमन टि | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ |
| ३ | कालो चिया | २० | २० | २० | २० | २५ | २१.२५ | २० |
| ४ | दुध कफि | ६० | ६० | ६० | ८० | ७० | ६७.५ | ६० |
| ५ | कालो कफि | ३५ | ५० | ४० | ४० | ५० | ४५ | ३५ |
| ६ | हट लेमन | ३० | ३० | २५ | २५ | ३५ | २८.७५ | २५ |
| ७ | हट लेमन विथ हनी | ५० | ५० | ५० | ४० | ६० | ५० | ५० |
| ८ | भेज चाउमिन | ९० | ८५ | १०० | १०० | १०० | ९६.२५ | ८५ |
| ९ | अण्डा चाउमिन | १२० | ११० | ११० | १३० | १३० | १२० | ११० |
| १० | चिकन चाउमिन | १२० | ११० | १२० | १४० | १४० | १२७.५ | ११० |
| ११ | चिकन मःम | १३० | १२० | १४० | १२० | १४० | १३० | १२० |
| १२ | जेरी पुरी तरकारी (दुई सेट) | १२० | १०० | ११० | ८० | १३० | १०५ | १०० |
| १३ | रोटी तरकारी (रोटी ३) | ८५ | ८० | ९० | ९० | ९० | ८७.५ | ८० |
| १४ | समोसा चाट (२ पिस समोसा) | ९० | ८० | १३० | १०० | १२० | १०७.५ | ८० |
| १५ | समोसा तरकारी (समोसा २) | ८० | ७० | ७५ | ९० | ८० | ७८.७५ | ७५ |
| १६ | चिकन खाजा सेट | १७० | १६० | २४० | २५० | २५० | २२५ | १६० |
| १७ | तयारी चाउचाउ | ५० | ४५ | ५० | ५० | ५० | ४८.७५ | ४५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८ | पकौडा १ प्लेट (८ पिस) | ५० | ४० | ६० | ५० | ५० | ५० | ४० |
| १९ | तरकारी | ३० | २५ | ३० | ३० | ३० | २८.७५ | २५ |
| २० | चना फ्राई | ३० | २५ | ४० | ३० | ३५ | ३२.५ | २५ |
| २१ | सादा खाना | १५० | १४० | १८० | १७० | १७० | १६५ | १४० |
| २२ | चिकन खाना | २५० | २४० | २५० | २८० | २६० | २५७.५ | २४० |
| २३ | मटन खाना | ३५० | ३४० | ३२० | ३५० | ३५० | ३४० | ३२० |
| २४ | सुक्खा रोटी (१ पिस) | २० | १५ | २० | २० | २५ | २० | १५ |
| २५ | उसिनेको अण्डा | ३० | २५ | ३५ | ३० | ३० | ३० | २५ |
| २६ | आलु परौठा | ५० | ४० | ६५ | ५० | ७० | ५६.२५ | ४० |
| २७ | पुरी (२ पिस) | २५ | २५ | ३० | २० | ३० | २६.२५ | २५ |
| २८ | अण्डा अम्लेट | ३५ | ३० | ५० | ३० | ४० | ३७.५ | ३० |
| २९ | जेरी | २५ | २५ | ३० | ३० | २५ | २७.५ | २५ |
| ३० | समोसा | २५ | २५ | ३० | ३० | २५ | २७.५ | २५ |
| ३१ | फलफुल मिक्स | १५० | १३० | १५० | १५० | १६० | १४७.५ | १३० |
| ३२ | सेलरोटी, तरकारी | ११० | १०५ | १२० | ० | १२० | ११५ | १०५ |
| ३३ | सेलरोटी | ४० | ३५ | ५० | ० | ४५ | ४३.३३ | ३५ |
| ३४ | दही | ३५ | ३० | ६० | ५० | ५० | ४७.५ | ३० |
| ३५ | दुध | ३० | ३५ | ४० | ४० | ४० | ३८.७५ | ३० |
| ३६ | दुनोट | २० | ३० | ३० | | | | |